annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३४७ पृष्ठ ८ | काठमाडौं, बुधबार १० वैशाख २०८२ | वैशाख कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४५ | WEDNESDAY, APRIL 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सुदूरपश्चिम : बजेट ढुकुटीमै, विकास कहिले ?

सुदूरपश्चिम प्रदेश सरकारले चालू आर्थिक वर्षको अन्त्यतिर आइपुग्दा पुँजीगत बजेट खर्च खासै गर्न सकेको छैन । आन्तरिक मामिला मन्त्रालयले २४ करोड बजेटमध्ये जम्मा ५५ लाख (२.२९ प्रतिशत) मात्र खर्च गर्दा, विकास होइन, प्रशासनिक झगडाले सरकार र मन्त्रीहरू छताछुल्ल छन् ।

सचिवहरू मन्त्रीको आदेश बेवास्ता गर्छन्, मन्त्रीहरू बजेट कार्यान्वयनभन्दा भाषण र दोषारोपणमै रमाउँछन् । योजनाहरू फाइलमै थन्किएका छन्– राससको भवनदेखि सशस्त्र प्रहरीको पोस्टसम्म सरकारको लाचारीको प्रतीक बनेका छन् ।

| पुँजीगत खर्च (प्रतिशत) | पुँजीगत खर्च (रकम) | मन्त्रालय |
|---|---|---|
| १९.३२% | ३,१५७,६६४ | प्रदेश व्यवस्थापिका |
| ०% | ० | प्रदेश लोक सेवा आयोग |
| ५०.३५% | १६,७३३,४६४ | मुख्यमन्त्रीको कार्यालय |
| ५०.६५% | १४,७२५,६५१ | आर्थिक मामिला मन्त्रालय |
| १९.९३% | १७६,३५४,५२९.८२ | उद्योग, पर्यटन मन्त्रालय |
| ८.८२% | २४,०१५,९१५ | भूमि, कृषि मन्त्रालय |
| २.२९% | ५,५६५,५६४ | कानुन मन्त्रालय |
| २४.५७% | ३,४६५,६१४,२८९.७९ | भौतिक पूर्वाधार मन्त्रालय |
| ८.०७% | २१७,७०५,०५३.६६ | सामाजिक विकास मन्त्रालय |
| २७.९८% | ५३१,६०० | प्रदेश योजना आयोग |
| ०% | ० | अर्थ- वित्तीय व्यवस्था |
| ०% | ० | अर्थ- विविध |
| ०% | ० | स्थानीय तह |

समाचार पृष्ठ २

**शिवराज भट्ट** | *धनगढी*

– को रिपोर्ट

# टीआरसी : १११ आवेदन, हाइप्रोफाइल अनिच्छुक

## अन्तर्राष्ट्रिय चिन्ता, तर आशा पनि

**दिनेश गौतम** | *काठमाडौं*

संक्रमणकालीन न्याय टुंग्याइहाल्न सबै शीर्ष नेता आतुर देखिन्छन्। तर, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगका पदाधिकारी खोज्न आयोगले गरेको दोस्रो आह्वान आएका नाम हेर्दा छनोट झन् जटिल र चुनौतीपूर्ण हुने देखाएको छ।

यी दुई आयोगका अध्यक्षका लागि व्यक्तिगत रूपमा र संस्थाबाट आवेदन प्रशस्त छन्। तर, 'योग्य' कि परेका छैनन्, संस्थागत सिफारिमा आएका 'हाइप्रोफाइल' अनिच्छुक देखिएका छन्।

**१० हाइप्रोफाइल नाम सिफारिस**

द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दीले १० चर्चित व्यक्तिलाई अध्यक्षका लागि सिफारिस गरेको छ।

- पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ
- पूर्वन्यायाधीश गिरिशचन्द्र लाल
- संयुक्त राष्ट्रसंघका पूर्वसहायक महासचिव कुलचन्द्र गौतम
- त्रिविका पूर्वउपकुलपति केदारभक्त माथेमा
- संविधानविद् राधेश्याम अधिकारी
- डा. विपिन अधिकारी
- राजनीतिशास्त्री कृष्ण खनाल
- फरेन्सिक विशेषज्ञ हरिहर वस्ती
- शम्भुराम सिम्खडा
- हरिशंकर श्रेष्ठ

तर, अधिकांशले अनिच्छा जनाएका छन्।

**बारको बेग्लै सिफारिस**

पाटन उच्च अदालत बार एसोसिएसनले पनि दर्जनभन्दा बढी नाम सिफारिस गरेको छ।

तीमध्ये मुख्य छन्-

- पूर्वमुख्य सचिव लीलादेवी गड्तौला
- नेपाल बारका पूर्वअध्यक्ष शेरबहादुर केसी
- गोपालकृष्ण घिमिरे आदि

**१११ आवेदन, २९ संस्थागत**

सिफारिस समितिले आवेदन खुला गरेपछि धेरैले व्यक्तिगत रूपमा पनि आवेदन दिए।

८२ जना व्यक्तिले व्यक्तिगत रूपमा आवेदन दिए। २९ जनाको संस्थागत सिफारिस आयो।



जिम्मेवारी लिने सोच प्रत्यक्ष वा परोक्षरूपमा राखेको छैन ।

**कल्याण श्रेष्ठ**, पूर्वप्रधानन्यायाधीश



यो उमेरमा म के गर्न सक्छु र ?

**प्रा. केदारभक्त माथेमा**, त्रिवि पूर्वउपकुलपति



मसँग अनुमति लिएर सिफारिस गरिएको होइन ।

**डा. विपिन अधिकारी**, संविधानविद्

**१६ संस्थाले दिए हाइप्रोफाइल नाम**

१६ संस्थाले चर्चित मान्छेहरू सिफारिस गरे।

यी संस्थामा थिए :

मानव अधिकार सञ्जाल, शान्ति कार्य समूह, द्वन्द्वपीडित मञ्च, नेपाल विकास अभियान, गुड वेभ फाउन्डेसन, उच्च अदालत बार, महिला र अपांग द्वन्द्वपीडित सञ्जाल आदि।

बाँकी पृष्ठ ६

# अमेरिकाले तोक्यो ३,५२१% सम्म कर

**वासिङ्टन डीसी** (एजेन्सी) : अमेरिकी वाणिज्य विभागले चार दक्षिण पूर्वी एसियाली देशहरूबाट आयात हुने सौर्य प्यानलहरूमा ३,५२१ प्रतिशतसम्मको कर लगाउने योजना घोषणा गरेको छ। यो एक वर्षअघि सुरु भएको अनुसन्धानपछि आएको निर्णय हो। त्यतिबेला धेरै प्रमुख सौर्य उपकरण उत्पादकहरूले तत्कालीन राष्ट्रपति जो बाइडेनको प्रशासनलाई अमेरिकी सञ्चालनको सुरक्षा गर्न आग्रह गरेका थिए।

प्रस्तावित करहरू कम्बोडिया, थाइल्यान्ड, मलेसिया र भियतनामका कम्पनीहरूलाई लक्षित गर्दै लगाइएको हो। ती देशका कम्पनीहरूले चीनबाट अनुदान दिएर सामान बनाएको र अमेरिकी बजारमा अनुचित रूपमा सस्तो उत्पादनहरूको डम्पिङ गरेको आरोपमा उक्त कर नीति लागू गराइएको जनाइएको छ।

अमेरिकी सरकारी निकाय, अन्तर्राष्ट्रिय व्यापार आयोगले यही जुन महिनामा नयाँ शुल्कहरूका विषयमा अन्तिम निर्णयमा पुग्ने जनाएको छ। कम्बोडियाका केही सौर्य उपकरण निर्यातकर्ताहरूले वाणिज्य विभागको अनुसन्धानमा सहयोग नगरेका कारणले गर्दा उनीहरूलाई ३,५२१ प्रतिशतको उच्चतम शुल्क लगाइएको जनाइएको छ। चिनियाँ निर्माता जिन्को सोलारले मलेसियामा बनाएका उत्पादनहरूले ४१ प्रतिशतभन्दा केही बढी शुल्कको सामना गर्नुपरेको छ।

# कक्षा १२ को परीक्षा वैशाख २१ मा सर्‍यो




**ममता थापा** | *काठमाडौं*

कक्षा १२ को वार्षिक परीक्षा तालिकाअनुसार नहुने भएको छ। करिब ३ सातादेखि शिक्षकहरू आन्दोलनमा होमिएकाले सरकारसँगको वार्ता नमिल्दा १२ को परीक्षा हाललाई स्थगित गरिएको हो। स्थगित परीक्षा अब वैशाख २१ गतेदेखि गर्ने निर्णय भएको राष्ट्रिय परीक्षा बोर्डले जानकारी दिएको छ। बिहीबारदेखि परीक्षा सुरु हुने पूर्वनिर्धारित कार्यतालिका थियो। तर, अब १० दिनपछि मात्रै परीक्षा हुने भएको हो।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्मा र शिक्षा सचिव दीपक काफ्लेलाई मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले अवस्था जटिल भएको बताउँदै केही दिन परीक्षा सार्न निर्देशन दिएकाले हाललाई स्थगित गरियो। जबकी गत चैत २७ गते नै

## शिक्षक र सरकारको चेपुवामा साढे ५ लाख विद्यार्थी

राष्ट्रिय परीक्षा बोर्डले वैशाख ११ गतेदेखि २४ गतेसम्म सञ्चालन गर्ने कक्षा १२ को वार्षिक परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय तवरले सम्पन्न गर्न सूचना जारी गरेको थियो। तर, यसअघि नै चैत २० गतेदेखि राजधानीमा सडक आन्दोलनमा होमिएका देशभरका शिक्षकहरूको माग सरकारले सुनुवाइ नगरेपछि आन्दोलन अझै टुंगिएको छैन। नेपाल शिक्षक महासंघको नेतृत्वमा भएको आन्दोलन माग पूरा नभएसम्म एसईईको उत्तरपुस्तिका परीक्षण नगर्ने, नयाँ शैक्षिक सत्रको भर्ना नलिने, १२ कक्षाको परीक्षामा सहभागी नहुने अडान राखेका छन्। यसले विद्यार्थीको भविष्यमाथी अन्योलता सिर्जना गरेको छ। सरकार र शिक्षकबीच सहमति जुट्न नसक्दा यतिबेला शिक्षक र सरकारको चेपुवामा विद्यार्थीको भविष्य परेको सरोकारवालाहरूले टिप्पणी गर्न थालेका छन्।

बाँकी पृष्ठ ६

# एकैछिन ढिलो भएको भए, सायद...

**पार्थ मण्डल** | *झापा*

डा. सविना पौडेल १६ वर्षीया छोरी आध्या र ९ वर्षीय छोरा भबिमय लिएर बिहीबार साँझ झापा भद्रपुर माइतीघर आएकी थिइन्। ललितपुर महानगरपालिका-१० निवासी ४५ वर्षीया पौडेल पाथीभरा मातासँग गरेकी 'भाकल' चढाउन त्यहाँ पुगेकी थिइन्।

पेसाले डेन्टल सर्जन रहेकी सविनाको आमाबुबा भद्रपुर नगरपालिका-८ अस्पतालचोक नजिकै बस्थिन्। सविनाको एक भाइ छन्। भाइ सविप अस्ट्रेलियामा बस्छन्। श्रीमान् न्युरो सर्जन हुन्। हजुरबुबा पूर्वन्यायाधीश नन्दकिशोर पौडेल हुन्। उनीहरूको परिवार पनि भद्रपुरमै बस्छन्।

सविनाले माइतीघरमा दुई दिन हासीखुसी बिताएर ७० वर्षीय बुबा विनोद, ६९ वर्षीया आमा सरिता र छोराछोरीलाई लिएर आइतबार बिहान ८ बजे पाथीभरा दर्शनका लागि स्कारपियो गाडी रिजर्भ गरी ताप्लेजुङ हिँडेकी थिइन्। उनीहरूलाई गाडी साहु भद्रपुर-७ निवासी विकास कोइरालाले लगेका थिए।

'हामीहरू त्यही दिन बेलुका ७ बजे ताप्लेजुङको सदरमुकाम फुङलिङ पुग्यौं।



**मृतकहरू पौडेल दम्पती, नातिनी र चालक।** ● अन्नपूर्ण

उहाँहरूलाई पेरिस होटलमा छाडेर म अर्को होटलमा गएर बसेँ,' गाडी साहु कोइरालाले भने, 'उहाँहरूले अनलाइनमार्फत होटल बुकिङ गर्नुभएको रहेछ, मलाई पनि त्यही होटलमा बस्नु भन्दै हुनुन्थ्यो, तर म सधैं बस्ने होटलमा गएर बस्छु भनेर त्यहाँबाट छुट्टिए। उहाँहरूले मेरै गाडी लिएर माथिल्लो फेदीसम्म जान्छु भन्दै हुनुन्थ्यो। मेरो गाडीमा फोरह्वीलर छैन। माथि बाटो बनाउँदै छ। पानी पनि परिरहेकाले ठाउँ-ठाउँमा खाल्डाखुल्डीमा टुह्वीलर गाडी फस्छ। तपाईंहरू यतैको गाडीमा जानुहोस् भनेर सम्झाएँ।' पछि सविनाका बुबा विनोदले ठीकै छ त हामी अर्को गाडीमा जाउँला भनेका उनले सुनाए।

'तिमी यहाँ एक्लै बसेर के गर्छौ ? हामीसँगै दर्शन गर्न हिँड पनि भन्नुभएको थियो,' कोइरालाले थप्दै भने, 'म माथि चढेर तल झर्दा खुट्टा काम्छ, कामेको खुट्टाले गाडी चलाएर झापा जान सक्दिनँ, पहिला पनि त्यस्तो समस्या भएको थियो भनेर मनाएर उहाँहरूलाई पठाइयो।'

पेरिस होटलका साहुले राति नै गाडी बुकिङ गरिदिएका थिए। गाडी बिहानको ३ बजे होटल आइपुगेको थियो। उनीहरू साढे ३ बजे मे १ ज ३०११ नम्बरको जिप चढेर पाथीभरा दर्शनका लागि होटलबाट हिँडेका थिए। फुङलिङबाट हिँडेको एक घण्टा नबित्दै उक्त गाडी दुर्घटनामा पर्‍यो। पाथीभरा क्षेत्रको सेवारो चोकमा सोमबार बिहान ४.१५ बजेतिर सडकमा लत्रिएको बिजुलीको तारमा छोएर जिपमा आगलागी भयो।

बाँकी पृष्ठ ६

